# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

☏: 067 – 411101, 067 – 411102
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np


पत्र संख्याः ०८१।८२
चलानी नं

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचानलका लागि आवेदन दिने सम्बन्धि सूचना !

(प्रकाशन मितिः २०८१/११/२२)

आ.व. २०८१/८२ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, पैयूँ गाउँपालिका अन्तर्गत तपसिल क्षेत्रहरुमा निम्न कार्यक्रम संचालन गर्नुपर्ने भएकोले तोकिएको क्षेत्र भित्रका इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अर्थात (मिति २०८१/१२/०७ गते भित्र) यस कार्यालयको कृषि शाखामा तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

क) **पकेट कार्यक्षेत्रहरूः** वडा नं २ को घम्सुङ, कुविण्डे, भर्मा, निकर्गा, अधिकारीडाँडा तथा वडा नं ५ को भञ्याङ, देउराली, भुर्तेलथोक, वानिडाँडा क्षेत्र ।

ख) **कार्यक्रमः**

| क्र.सं. | कार्यक्रमको नाम | बाली/वस्तु | सञ्चालन हुने कार्यक्रम | अनुदान | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | आ.व. २०८१/८२ मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम | सुन्तलाजात बाली | स्थलगत तालिम<br>बेर्ना,उपकरण एंव जैविक विषादी खरिदमा अनुदान<br>माटो व्यवस्थापन<br>जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कार्यक्रमहरु | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल बमोजिम | १२ लाख | |

<u>आवश्यक कागजातहरुः</u>

- अनुसूची-१० बमोजिमको आवेदन फारम।
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी।
- सम्बन्धित निकायमा नियमानुसार दर्ता भएका कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणपत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- कार्यक्रम संचालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा।
- कार्य समितिको निर्णयको प्रतिलिपि।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(संजिवन जैरे)
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ</u>

श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन।

श्री वडा कार्यलय २ र ५ सूचना पाटीमा सूचना टाँस गरी सम्बन्धित क्षेत्रभित्रका कृषकहरुलाई जानकारी गरिदिनुहुन।

<u>थप जानकारीको लागि (कृषि शाखा)</u>

९८४०५३८४२२, ९८६९२११८९४, ९८६४१४९३९५

(पुनश्चः अनुसूची-१० फारम वडा कार्यलयमा उपलब्ध हुनेछ।)